# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्ड ६** **संख्या ५** **मिति २०८०।०३।३०**


भाग-२

# प्रसौनी गाउँपालिका

## "प्रसौनी गाउँपालिकाको माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि साइकल खरिद तथा वितरण कार्यविधि – २०८०"

**प्रस्तावना:** प्रसौनी गाउँपालिका अन्तरगत आधारभूत तहको अध्ययन पुरा गरी माध्यमिक तह कक्षा ८ र ९ मा अध्ययनरत छात्राहरूका लागि पठनपाठनमा सहजता प्रदान गरी माध्यमिक शिक्षामा छात्राहरूको पहुँच कायम गर्न र विद्यालयमा नै टिकाई राख्न प्रसौनी गाउँपालिकाले माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि साईकल वितरण कार्यक्रममा बजेट विनियोजन गरिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी प्रसौनी गाउँपालिका तेह्रौ गाउँसभाको मिति २०८०।०३।३० गतेको बैठकले "प्रसौनी गाउँपालिकाको माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि साइकल वितरण कार्यविधि २०८० जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि साइकल खरिद तथा वितरण २०८०” रहेको छ ।

२) यो कार्यविधि प्रसौनी गाउँपालिका अन्तरगतका निर्धारित क्षेत्रमा लागू हुनेछ ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्नेछ ।

ख) “गाउँ शिक्षा समिति” भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

ग) "शिक्षा शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

घ) "विद्यालय" भन्नाले यस प्रसौनी गाउँपालिका अन्तरगत संचालित सबै विद्यालय सम्झनुपर्छ।

ङ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा ८ देखि १२ सम्म दिइने शिक्षा बुझ्नु पर्दछ । त्यस्तो शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय बुझ्नु पर्दछ ।

## परिच्छेद- २
## सूचना प्रकाशन :

**३. सूचना प्रकाशन सम्वन्धी व्यवस्थाः**

(१) लक्षित छात्राहरू छनौट गर्न आधारभूत तहको अध्ययन पुरा गरी माध्यमिक तह अध्ययनका लागि विद्यालयमा अध्ययनरत छात्राहरुको लागि ७ दिने सार्वजनिक सूचना गरी विद्यालयको सिफारिस सहित तोकिएका कागजात माग गरिने छ ।

२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको वेवसाइट राखिनुका साथै सम्बन्धित विद्यालयहरुमा तथा सबैको पहुँचमा प्रकाशन गरिनेछ ।

३) साईकल खरिद प्रक्रिया प्रचलित ऐन तथा नियमानुसार खरिद गरिनेछ ।

**४. लक्षित छात्रा छनौट गर्ने आधार :-**

क) लाभग्राही छात्राहरू प्रसौनी गाउँपालिका अन्तरगतको कुनै विद्यालयमा कक्षा ८ वा ९ मा अध्ययनरत हुनुपर्नेछ ।

ख) लाभग्राही छात्राहरू नियमित रुपमा विद्यालयमा हाजिर भएको हुनु पर्नेछ ।

**५. लक्षित छात्रा छनौट गर्ने प्रकृया :-**

क) शिक्षा युवा तथा खेलकुद शाखा मार्फत लक्षित छात्राहरूका लागि तथ्यांक संकलन गर्न सम्बन्धित विद्यालय तथा छात्राहरूका लागि सूचना जारी गरिनेछ ।

ख) विद्यालयबाट प्राप्त तथ्यांकका आधारमा लक्षित छात्राहरूको संख्या यकीन गरी साइकल खरिदका लागि शाखाले गाउँपालिका समक्ष पेश गर्नेछ।

ग) साइकल बुझिसकेपछि कार्यान्वयनका सिलसिलामा कुनै खराबी आएमा कम्पनीको शर्त बमोजिमको ग्यारेन्टी/वारेन्टीबाहेक मर्मत सम्भारको खर्च सम्बन्धित विद्यार्थीले नै व्यहोर्नु पर्नेछ ।

घ) साइकलको उचित प्रयोग र संरक्षण गर्ने दायित्व लाभग्राही विद्यार्थीको हुनेछ।

## परिच्छेद ३ छनौट तथा सिफारिस समिति

**६. छनौट तथा सिफारिस समिति :**

(१) साइकल खरिद गर्नको लागि निर्धारित समयभित्र पेश गरिएका निवेदन स्वीकृत तथा छनौट गरी खरिद समितिमा सिफारिस गर्नका लागि गाउँपालिकामा देहाए बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ । छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्ने सक्नेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| घ) जिन्सी तथा खरिद शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | सदस्य सचिव |

२) छनौट तथा मूल्यांकनका मापदण्डहरु निम्नानुसार रहने छ ।

क) विद्यालयमा अध्ययनरत रहेको छात्राहरुको संख्या र नाम सहितको विद्यालयको सिफारिस

## परिच्छेद — ४
## विविध

**७ खरिद प्रक्रिया :** साइकल खरिद प्रक्रिया प्रचलित कानून बमोजिम हुने छ । साथै गाउँपालिकाको कार्यविधि बमोजिम हुने आवश्यक बैठक भत्ता, खाना तथा खाजा खाजा लगायत प्रशासनिक खर्च आ.व. २०८०/०८१ मा साइकल खरिदका लागि विनियोजित बजेट मार्फत नै खर्च गरिनेछ ।

**८. कार्यक्रम अनुगमन प्रतिवेदनः** कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदन पेश शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रसौनी गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

**१०. संशोधन तथा हेरफेर** ः यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०
प्रमाणिकरण मिति ः २०८०।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत